निर्णय नं. १) नेचासल्यान गाउपालिका भित्रका सामूदायिक बिद्यालयहरुको शैक्षिक सत्र २०८९ को लेखा परिक्षण गर्नु पर्ने भएकोले लेखा परिक्षक छनौटका निम्ति १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २) खोटाङ/ओखलढुंगा/सोलुखुम्ब जिल्ला क्षेत्र भित्र प्रभाव क्षेत्र रहने गरि निर्माण गर्न लागिएको दुधकोशी जलाशययूक्त जलबिद्युत आयोजनाले नेचासल्यान गाउपालिकाको साविक नेचाबेतघारीको वडा नं. ४ मात्र कायम गरेको पाईएकोले उक्त योजना संचालनबाट नेचासल्यान गाउपालिकाका ५ वटै वडाहरु प्रभावित हुने भएकोले उक्त आयोजनाको प्रभावित क्षेत्रमा सम्पूर्ण नेचासल्यान गाउपालिका समेटिनुपर्ने तथा उक्त आयोजनाबाट गाउपालिकाको तुइन्टार लघुबिद्युत योजना समेत पूर्णरुपमा प्रभावित हुने भएको क्षतिपूर्ति तथा जलाशयको क्षेत्रमा पर्ने स्थानीयबासीहरुको जग्गा (दोयम)/सम्पत्तिको मुआब्जाको व्यवस्थाका निम्ति अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३) गाउपालिकामा बिभिन्न मितिमा माग भएका आर्थिक सहायता, राहत, क्षतिपूर्ति लगायतको सहयोग रकम निर्धारणको निम्ति निम्न बमोजिमको सिफारीस समिति गठन गर्ने तथा सिफारीसको आधारमा सहयोग रकम भूक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क) श्री रमेश कुमार राई | संयोजक, १ नं. वडाध्यक्ष |
| ख) श्री जयन्ता अधिकारी, | सदस्य/कापास |
| ग) स्वास्थ्य शाखा संयोजक, नेचासल्यान गाउपालिका | सदस्य |
| घ) लेखापाल, नेचासल्यान गाउपालिका, | सदस्य |

निर्णय नं. ४) गाउपालिकाले बिभिन्न शाखा/कार्यालय/स्टोर लगायतका कार्यहरुको निम्ति लिएका घरहरुको घरभाडामा २ बर्ष अवधि पूरा भएका घरहरुको नियमानुसार १० प्रतिशत भाडा बृद्धि गरि सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ५) गाउपालिकाको गत आ.व. २०७८/०७९ को बार्षिक समिक्षा बैठक अशोज ४ गते दिनको ११.०० बजे संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६) नेचासल्यान गाउपालिका वडा नं. ४ मा स्थापना भएको कोभिड/सामूदायिक अस्पतालमा हाल कर्मचारी जनशक्ति नभएको तथा उक्त अस्पतालमा रहेका स्वास्थ्य सामाग्रि म्याद गुज्रने अवस्था आएकोले हाललाई उक्त अस्पतालको सामाग्रि गाउपालिकाले जिम्मा लिई घरधनिसँग गरिएको घरभाडा सम्झौता रद्ध गर्न पत्राचार गर्ने र उक्त अस्पताल नजिक रहेको रेडक्रस भवनमा फार्मेशी संचालनका लागि आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७) नेचासल्यान गाउपालिकामा संचालन गर्न लागिएको ग्रामिण आँखा उपचार केन्द्र, नेचासल्यान २, प्राथमिक स्वास्थ्य केन्द्र, सल्यानमा स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ८) नेचासल्यान गाउपालिकाको राजश्व असुलिलाई व्यवस्थित गर्नका निम्ति ढुंगा, बलुवा, गिटी व्यवशायि तथा जग्गा धनिहरु गाउपालिकामा अनिवार्य सुचिकृत गर्ने तथा उक्त सामाग्रिको ओसारपसारमा नेचासल्यान गाउपालिकाको आर्थिक कार्यविधि, २०७८ बमोजिम राजश्व असुलिका निम्ति सम्बन्धित वडा कार्यालयले समेत पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ९) नेचासल्यान गाउपालिकावडा नं. १ स्थित श्री भूमेश्वरी मा.वि. मा माध्यमिक अंग्रेजि बिषयको शिक्षक करार सेवामा नियूक्ति गर्ने तथा उक्त कार्यका निम्ति विद्यालय शिक्षा क्षेत्र योजना, शिक्षा शसर्त अनुदान (चालू) कार्यक्रम अन्तर्गत बिनियोजित बजेट रु ४,५६,०००। बाट भुक्तान गर्ने निर्णय गरियो ।

निर्णय नं. १०) नेचासल्यान गाउपालिकाको खेलकुदको प्रबर्द्धनका निम्ति तपसिल बमोजिमको गाउपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| क) श्री नरबहादुर राई, | वडा नं ३ | संयोजक | 9849436544 |
| ख) श्री रोशन राई | वडा नं १ | सदस्य | 9824729572 |
| ग) श्री सुजन राई, | वडा नं १ | सदस्य | 9862336519 |
| घ) श्री मिलन के.सी. | वडा नं २ | सदस्य | 9823291534 |
| ङ) श्री होम कुमारी नेवार | वडा नं २ | सदस्य | 9803375057 |
| च) श्री प्रविन राई | वडा नं ३ | सदस्य | 9813007250 |
| छ) श्री कुमार कटेल | वडा नं ३ | सदस्य | 9840445065 |
| ज) श्री आयुश विक | वडा नं ४ | सदस्य | 9825737202 |
| झ) श्री सुमन राई | वडा नं ४ | सदस्य | 9823117037 |
| ञ) श्री पदम राउत | वडा नं ५ | सदस्य | 9804709325 |
| ट) श्री सन्तु राई | वडा नं ५ | सदस्य | 9748262434 |

निर्णय नं. ११) नेचासल्यान गाउपालिकाको सांस्कृतिक विकासका निम्ति तपसिल बमोजिमको गाउपालिका स्तरीय सांस्कृतिक विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क. श्री प्रवेश राई वडा नं. ५ | संयोजक |
| ख. श्री भिमराज राउत वडा नं ३ | सदस्य |
| ग. श्री ललित राई वडा नं. २ | सदस्य |
| घ. श्री राजकुमार मगर वडा नं. १ | सदस्य |
| ङ. श्री भुवाजित राई (ए) वडा नं ४ | सदस्य |

निर्णय नं. १२) नेचासल्यान गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि नेचासल्यान गाउँपालिका वडा नं. ३ (बिहिबारे बजार) मा केदार माध्यमिक विद्यालयको नाममा रहेको जग्गा निशुल्क गाउपालिकाको नाममा राजिनामा पास गर्ने गरि उक्त विद्यालय व्यवस्थापन समितिको मिति २०७९।०५।१३ को निर्णयको प्राप्त पत्रअनुसार यस गाउँपालिकाको नाममा स्वामित्व प्राप्त गर्नको लागि प्रक्रिया अगाडि बढाउने निर्णय ।